"सामाजिक सुरक्षा ,सुशासन, न्याय विकास र समानता समृद्ध नगर सुखी नगरवासी हाम्रो प्रतिवद्धता"
" Social Security, Good Governance, Justice, Development and Equity Properous Cities Happy Citizens Our Commitment"

# सुनवल नगरपालिका
# Sunwal Municipality
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

सुनवल, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
Sunwal, Nawalparasi (West of Bardaghat Susta)
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

चन 2602
प.स. 082/083

मिति: २०८२/ ०१/ ०७
नेपाल सम्वत: ११४६ वछलाथ्व

श्री कामकाज गर्न खटाइएका शिक्षकहरू
सुनवल नगरपालिका

विषय: काज फिर्ता सम्वन्धमा ।

प्रस्तुत विषयमा सुनवल नगरपालिकाको शिक्षा समिति/ शिक्षा शाखाको निर्णय अनुसार मिति २०७८/०९/ २७ गते भन्दा पछि विभिन्न समयमा गरिएको काज सरुवाहरु लामो समय देखि शिक्षक विद्यार्थीको अनुपात सहित दरवन्दी मिलान र प्रअ व्यवस्थापनका लागि शिक्षक दरवन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि २०७६ तथा सुनवल नगरपालिकाको शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०७७ अनुसार हुन नसकी शिक्षकको वृत्तिविकासमा गम्भिर असर परेको र विद्यालयमा शिक्षक विद्यार्थी अनुपात असमान हुदाँ शैक्षिक गुणस्तर र अनिवार्य तथा निशुल्क शिक्षाको कार्यान्वयनमा समस्या सृजना भएको, विधि र प्रक्रियगत रुपमा दरवन्दी मिलान तथ्यगतरुपमा अध्ययन र विश्लेषण हुन नसकी तत्काल दरवन्दी मिलान गर्न नसकिएकाले २०७८/०८/२७ भन्दा पछि विभिन्न मितिमा कामकाजमा खटाइएका शिक्षकको काज फिर्ता गरिएको छ । यस सूचनाको अवज्ञा गरी कुनै तरिकाले व्यवस्थापन भइ वस्ने शिक्षकहरुको भविष्यमा कुनै समस्या आएमा सम्वन्धित शिक्षक र निर्णयकर्तानै जवाफदेहि हुने व्यहोरा समेत जनकारी गराउदै शैक्षिक सत्र सुरु हुनु अगावै आ-आफ्नो पदाधिकार रहेको विद्यालयमा ७ दिन भित्र हाजिर हुन जानुहुन अनुरोध छ ।

विष्णु प्रसाद गोतामे
उपसचिव

विष्णु प्रसाद गोतामे
उप-सचिव

<u>अवगतार्थ</u>
श्रीमान नगर प्रमुख ज्यू - शिक्षा समिति संयोजक ज्यू सुनवल नगरपालिका ।
श्रीमान नगर उपप्रमुख ज्यू – जानकारीको लागि ।
श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू – जानकारीको लागि ।

<u>वोधार्थ</u>
शिक्षा विकास तथा समन्वय इकाइ नवलपरासी
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, सिहदरवार
शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमी भक्तपूर
हेलो सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिहदरवार

"सामाजिक सुरक्षा, सुशासन, न्याय, विकास र समानता: समृद्ध नगर सुखी नगरवासी हाम्रो प्रतिबद्धता"
"Social Security, Good Governance, Justice, Development and Equity: Prosperous Cities Happy Citizens Our Commitment"
सुनवल नगरपालिका
SUNWAL MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF MUNICIPAL EXECUTIVE
सुनवल, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
Sunwal, Nawalparasi (West of Bardaghat Susta)
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या (Letter No.) ०८२/०८३
चलानी नं.(Ref.No.) २८४३

मितिः २०८३\०१\२२

उ. स. (दशौं) श्री विष्णु प्रसाद गोतामे
शिक्षा शाखा प्रमुख
सुनवल नगरपालिका न.प.

**विषय : लिखित जवाफ पेश गर्ने बारे ।**

उपरोक्त सम्बन्धमा तपाईले पदीय मर्यादा र आचरण विपरीत पदसोपान विना एकल निर्णय गरि शिक्षक सरुवा गरेर शिक्षा क्षेत्रमा गम्भीर अन्योल सिर्जना भएकोले लिखित जवाफ माग गरिएको छ। पत्र प्राप्त भएको तीन दिन भित्र जवाफ पेश गर्नुहोला ।

१) नगर शिक्षा समितिको बैठक विना शिक्षक सरुवा र पत्राचार गर्ने व्यक्तिगत अधिकार कुन कानुनले कुन अख्तियारीले गरिएको हो ?

www.safalpost.com

२) नगर शिक्षा समितिको बैठकमा उपस्थित नहुने श्रेस्ता जिम्मा नलिने नैतिक आधार के हो ?

३) नगर शिक्षा समितिको निर्णय विपरित गरिएका गैरकानुनी क्रियाकलापको तत्काल फिर्ता नगरेमा सजायको भागिदार हुने वा नहुने ?

४) नगर शिक्षा समिति संयोजकले सदर नगरेको निर्णय विना विभिन्न विद्यालयमा शिक्षकहरुलाई आफ्नो मनोमानी ढंगले प्र.अ. सरुवा तथा पदबहाली किन गरेको हो ?

५) सुनवल नगरपालीका, नगरसभा, कार्यपालिका, नगरप्रमुख, उपप्रमुख तथा नगर शिक्षा समिति एवं प्रमुख प्रशासकीय अधिकृतको ठाँउमा तपाईको पदसोपान के हो र को प्रति उत्तरदायी भएको हो ?

६) पटक पटक शिक्षा क्षेत्रमा अशोभनीय पदीय आचरण विपरीत काम गरेकोले शाखाबाट किन नहटाउने ? जिम्मेवारी मुक्त किन नगर्ने ? नगर्न पर्ने भए चित्तबुझ्दो लिखित जवाफ दिनुहोला ? अन्यथा कानुन बमोजिम कारवाही गरिने व्यहोरा जानकारी गराउछु ।

विमला अर्याल
संयोजक
नगर शिक्षा समिति

"सामाजिक सुरक्षा, सुशासन, न्याय, विकास र समानता: समृद्ध नगर सुखी नगरवासी हाम्रो प्रतिबद्धता"
"Social Security, Good Governance, Justice, Development and Equity: Prosperous Cities Happy Citizens Our Commitment"

सुनवल नगरपालिका
SUNWAL MUNICIPALITY
# नगर कार्यपालिकाको कार्यालय
# OFFICE OF MUNICIPAL EXECUTIVE

सुनवल, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
Sunwal, Nawalparasi (West of Bardaghat Susta)
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या (Letter No.) ०८२/०८३ मितिः २०८३\०१\०९
चलानी नं.(Ref.No.)

**प्रेस विज्ञप्ती**

सुनवल नगरपालिकाको शिक्षा समितिको नाम उल्लेख गरी सामाजिक संजालमा शिक्षकको काज फिर्ता सम्बन्धमा भन्ने विषय राखी २०८३/०१/०७ गतेको मिति उल्लेख गरी नगर शिक्षा समितिले निर्णयनै नगरेको व्यहोरा राखी अनाधिकृत प्रवाह भएको सूचनाका सम्बन्धमा सुनवल नगरपालिका शिक्षा समितिको गम्भिर ध्यानाकर्षण भएको छ । शिक्षा समितिसंग कुनै राय परामर्श नगरी शिक्षा समितिको निर्णयानुसार भनि सामाजिक संजालमा सूचना प्रवाह हुने विषय गैरकानूनी विषय हो । मिति २०८२\१२\१५ गतेको निर्णयमा नगर शिक्षा समिति संयोजकसंगको बिना स्वीकृति गरिएका सरुवा समेत बदर गर्दै शिक्षकहरुको काज फिर्ता गर्ने भन्ने आशयको पत्रमा कुनै सत्यता र आधिकारीकता नभएको व्यहोरा शिक्षक, शैक्षिक संस्था तथा आम सरोकारवालाहरुमा अनुरोध छ । शिक्षकहरुको वृतिविकासमा असर पर्न गएको भन्ने निवेदन तथा शिक्षा विकास तथा समन्वय इकाइ नवलपरासी (ब.सु.प.) को च.नं. ५९८ मिति २०८२\१२\१० को कामकाजमा रहेका शिक्षकहरुको पदस्थापन वा काजफिर्ता गरी शिक्षकहरुको वृतिविकास र गुनासोलाई सम्वोधन गर्नु भन्ने आशयको पत्रानुसार २०८२\१२\१७ गते शिक्षा समितिको बैठक बसेको थियो । उक्त बैठकले सुनवल नगरपालिका स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ ज (छ) बमोजिम गठित नगर शिक्षा समितिले नगर शिक्षा ऐन, २०७८ को दफा ३३ को कानूनी व्यवस्था अनुसार विद्यार्थी संख्याका आधारमा दरबन्दी मिलान तथा पदस्थापन गर्ने निर्णय गरी पत्राचार गरिसकिएको छ । उक्त निर्णय मिति २०८१\०२\१४ गते बसेको शिक्षा समितिको निर्णयलाई समेत दृष्टिगत गरी गरिएको छ । यही सूचनालाई आधार मानी सम्बन्धित विद्यालय एंव शिक्षकहरुलाई कुनै भ्रममा नपरी नगर शिक्षा समितिको २०८२\१२\१७ गतेको निर्णयानुसार विद्यालय नछाडी नियमित पठनपाठन तथा शैक्षिक गतिविधी निरन्तर संचालन गर्न निर्देशन दिइन्छ । नगर शिक्षा समितिको निर्णय नै आधरकारीक हुने भएकोले नगर शिक्षा समितिको अवज्ञा गरेमा शिक्षा ऐन बमोजिम आवश्यक कारवाही प्रकृया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराईन्छ ।

www.safalpost.com

..............................
बिमला अर्याल
अध्यक्ष नगर शिक्षा समिति

बिमला अर्याल
प्रमुख

Website: www.sunwalmun.gov.np
X: @sunwalmun
Email: sunwalmunicipality@gmail.com
Facebook:facebook.com/sunwalmun

Scanned with CamScanner